मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज मे १, अन्तर्राष्ट्रिय श्रमिक दिवस, यस अवसरमा संसारभरि रहेका सम्पूर्ण श्रमजीवी मजदुरहरूप्रति उच्च सम्मान प्रकट गर्दै श्रमिक वर्गको हक, हित र अधिकार प्राप्तिका लागि ऐक्यबद्धतासहित हार्दिक शुभकामना व्यक्त गर्दछु। श्रमिक वर्गको बलिदानीपूर्ण संघर्ष, योगदान र अधिकार प्राप्तिका लागि यो दिन स्मरणीय छ।

मे १ श्रमिकको हक, हित र अधिकार प्राप्तिका लागि एक विशेष दिन हो। श्रमजीवीहरूको योगदान र बलिदानमार्फत समाजको सकारात्मक रुपान्तरण गर्दै हामी वर्तमान अवस्थामा आइपुगेका छौं। नेपालको लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा श्रमजीवी वर्गले खेलेको भूमिका, त्याग र बलिदान ऐतिहासिक र महत्वपूर्ण छ। नेपालमा मात्र होइन संसारभरिका हरेक परिवर्तनका आन्दोलनमा श्रमजीवीहरूको महत्वपूर्ण योगदान रहेको छ।

कोशी प्रदेश नेपाली श्रमिक र मजदुरहरुका लागि विशेष र महत्वपूर्ण ठाउँ पनि हो। नेपालको पहिलो उद्योग स्थापना भएको र श्रमिक आन्दोलनको सुरुवात भएको प्रदेश पनि कोशी प्रदेश नै हो। आजभन्दा ७ दशकअघि विराटनगरमा भएको मजदुर आन्दोलनले नेपालको लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको जग बसाएको तथ्यलाई भुल्न हुँदैन। लोकतान्त्रिक गणतन्त्र नेपालको जग बसाउने श्रमजीवी वर्गप्रति मलाई गर्व अनुभूति हुन्छ। लोकतन्त्र र जनताको शासन स्थापित गर्न त्याग, बलिदान र संघर्ष गर्ने श्रमिक र मजदुरहरुको हक, हित र अधिकारका साथै उनीहरुको सुखमय जीवनका लागि राज्यले  थप काम गर्नुपर्ने जरुरत छ।

कोशी प्रदेश सरकार आफ्नो सीमित श्रोत, साधन र अधिकारका बाबजुद राष्ट्रिय पूँजीको विकास गर्दै रोजगारीका अवसर सिर्जना गरी जनताको जीवनस्तर उकास्न क्रियाशील छ। श्रमजीवी वर्ग र श्रमप्रति सकारात्मक दृष्टिकोण विकास गरी श्रमप्रतिको सम्मान भावलाई हामीले स्थापित गर्नुपर्दछ। समृद्ध र विकसित राष्ट्र निर्माणका लागि उद्यमशीलता र लगानीमैत्री वातावरण निर्माण गर्दै श्रमजीवी मजदुरहरूको हक, हित र रोजगारीलाई सुनिश्चित गर्नुपर्दछ। प्रविधिको विकाससँगै श्रमजीवी वर्गलाई प्रविधिमैत्री  बनाउँदै नयाँ चरणको विकासमा अघि बढ्नुपर्ने खाँचो पनि उत्तिकै छ। राष्ट्र निर्माणको अभियानलाई द्रुत गतिमा अगाडि बढाउँदै सूचना र प्रविधिको युगले विस्थापित हुँदै गएको मजदुर वर्गको रोजगारीलाई नयाँ आयामसँग नयाँ अवसरहरू सिर्जना गरी अगाडि बढाउन सकिन्छ। सबै चुनौतीलाई अवसरका रुपमा ग्रहण गर्दै आम श्रमिकको हक, हित र अधिकार स्थापित गर्न हामी सफल हुनेछौं भन्ने विश्वास लिएको छु।

अन्त्यमा, रोजगारीका अवसर, श्रमप्रतिको सम्मान र प्रविधिमैत्री सिपसहित सम्पूर्ण श्रमिक वर्गको हक, हित र समुन्नति स्थापित गर्न हामी सबैलाई सफलता प्राप्त होस् भन्ने कामना गर्दछु।

१ मे २०२६

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री